# प्रभाव दैनिक
National Daily






वर्ष १२ | अंक २९६ | काठमाडौं | मंगलबार, १२ फागुन २०८२ | Prabhab National Daily | Tuesday, 24 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# छानबिन प्रतिवेदन दराजमा, दुर्घटनामा ज्यान गुमाउँदै नागरिक

- सोमबार एकैदिन २० जनाको मृत्यु, त्रिशूली, उदयपुर र लमहीमा दुर्घटना
- तीन दुर्घटनामा ५० घाइते
- पछिल्ला १८ दिनमा भएको तीन ठूला दुर्घटनामा ४४ जनाको मृत्यु
- सिमलताल दुर्घटनासँगै विभिन्न छानबिन प्रतिवेदन दराजमा
- नागरिक भने सवारी दुर्घटनामा अकालमै ज्यान गुमाउँदै



**सोमबार पृथ्वीराजमार्गअन्तर्गत धादिङको बेनिघाट रोराङ गाउँपालिका–७ चरौंदी नजिक दुर्घटना भई त्रिशूली नदीमा खसेको बस । उक्त दुर्घटनामा १९ जनाको मृत्यु भएको छ ।** *तस्बिर: रासस*



रिजाल प्रतिवेदनमात्रै कार्यान्वयन गर्दा पनि धेरै हदसम्म सवारी दुर्घटना न्यूनीकरण हुन्छ । तर, सरकार कार्यान्वयन गर्दै गर्दैन, दुर्घटनापछि मानिसहरूमा उत्पन्न हुने आक्रोशलाई डाइभर्ट गर्नमात्रै समिति गठन गरेको देखिन्छ ।

**आशिष गजुरेल**
यातायात पूर्वाधारविज्ञ

## सोमबारमात्रै २० जनाको मृत्यु

**काठमाडौं (प्रस)–** सोमबार पृथ्वीराजमार्गअन्तर्गत धादिङको बेनिघाट रोराङ गाउँपालिका-७ चरौंदी नजिक भएको बस दुर्घटनामा १९ जनाले ज्यान गुमाएका छन् । पोखराबाट काठमाडौं आउँदै गरेको बस सोमबार बिहान १ बजे त्रिशूली नदीमा खसेको थियो ।

उक्त दुर्घटनामा कास्कीको पोखरा महानगरपालिका वडा नम्बर ३० बस्ने अन्दाजी वर्ष ४० का विवेक बस्तोला, स्याङ्जाको वालिङ-१४ घर भएका ६३ वर्षका चन्द्रबहादुर कुँवर, तनहुँको व्यास नगरपालिका वडा नं ४ का ४० वर्षका ओमकुमार मल्लको मृत्यु भएको छ ।

धादिङको त्रिपुरासुन्दरी गाउँपालिका-४ का वर्ष ३० का इन्जिनियर ठकुरी, तनहुँको शुक्लागण्डकी नगरपालिका-७, मालेबगरकी ५५ वर्षीया विष्णुमाया ढकाल, काठमाडौंको बौद्ध टुसालका ४२ वर्षीय लोब्साङ गोले, तनहुँको भीमनगर नगरपालिका वडा नं ६ बस्ने वर्ष ४६ का हरिप्रसाद सिग्देल, पाल्पाको तानसेन नगरपालिका वडा नं २ बस्ने वर्ष ५५ का नविन्द्र श्रेष्ठ, तनहुँकै शुक्लागण्डकी गाउँपालिका वडा नं ७ का वर्ष ६३ का रुद्रप्रसाद ढकाल,...

क्रमशः पृष्ठ २ मा

**जेबी योञ्जन**

**काठमाडौं–** १९ जनाको ज्यान जानेगरी सोमबार त्रिशूलीमा बस दुर्घटनापछि सरकारले छानबिन समिति गठन गर्ने निर्णय गरेको छ । गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा बसेको बैठकले दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन गृह मन्त्रालयको एक जना सहसचिवको नेतृत्वमा छानबिन समिति गठन गर्ने निर्णय सोमबार गरेको गृह प्रवक्ता आनन्द काफ्ले बताए ।

'दुर्घटनाको कारण के हो ? कसरी भयो ? त्यसको सत्यतथ्य पत्ता लगाउन छानबिन समिति गठन गरिएको हो । गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गर्ने निर्णय भएको छ,' काफ्लेले प्रभावसँग भने ।

विगतमा पनि ठूला सवारी दुर्घटनापछि सरकारले छानबिन समितिहरू गठन नगरेका होइनन् । छानबिन समितिहरूले बुझाएका प्रतिवेदन कार्यान्वयन गर्ने प्रतिबद्धता पनि सरकारले जनाउँछ । तर, कार्यान्वयन गर्दैन । प्रतिवेदनहरू मन्त्रालयकै दराजमा थन्क्याइन्छन् ।

यससम्बन्धी पछिल्लो दृष्टान्त २८ असार २०८१ मा नारायणगढ-मुग्लिन सडकअन्तर्गत सिमलतालमा दुईवटा दुर्घटना भएपछि गृह मन्त्रालयले तत्कालीन सहसचिव छवि रिजालको संयोजकत्वमा गठित समितिले बुझाएको प्रतिवेदनको स्थिति हेरे पुग्छ । समितिले दुर्घटनाको कारण पत्ता लगाएर आगामी दिनमा यातायात क्षेत्रमा सुधार गर्नुपर्ने विषयहरू समेटी सुझाव दिएको थियो ।

रिजालका अनुसार प्रतिवेदनमा दुर्घटना न्यूनीकरणका लागि सडक सुरक्षा परिषद् गठन गर्नुपर्ने सुझाव दिइएको थियो ।

क्रमशः पृष्ठ २ मा

# एजेण्डा छाडेर पात्र 'ब्राण्डिङ' गर्दै दल



**प्रभाव संवाददाता**

**काठमाडौं–** अघिल्लो निर्वाचनमा नेकपा एमालेले आफ्नो अध्यक्ष केपी शर्मा ओलीलाई 'बा' का रूपमा 'ब्राण्डिङ' गरेको थियो । एमाले ओलीको डमी बनाउनेदेखि 'केपी बा'को नाममा चुनावी गीतहरूसमेत बनाए ।

यसपटक भने एमालेको सिको गर्दै नेपाली कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी, उज्यालो नेपाल, श्रम संस्कृतिजस्ता पार्टीले पार्टी सभापतिदेखि चर्चित नेताहरूको ब्राण्डिङ गरेका छन् । कांग्रेसले सभापति गगन थापालाई ब्राण्डिङ गरेको छ ।

'अबकी बार, गगन सरकार' कांग्रेसको नारा नै हो । कांग्रेस केन्द्रीय समितिले गगनलाई भावी प्रधानमन्त्रीको रूपमासमेत अघि सारेको छ । कांग्रेसका अधिकांश उम्मेदवारले गगनलाई प्रचार सामग्रीमा अटाएका छन् । गगनको नाममा गीत बनिसकेको छ ।

बिपी कोइरालापछि गगनलाई कांग्रेस २.० को रूपमा ब्राण्डिङ गरेको छ । कांग्रेसले भिजन १० को नाममा २०० पृष्ठको लामो एजेण्डा अघि सारेको छ । यद्यपि, गगनलाई अघि सार्दा एजेण्डा भने छायामा परेको नेताहरू बताउँछन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले वरिष्ठ नेता बालेन्द्र (बालेन) शाहलाई अत्यधिक ब्राण्डिङ गरेको छ । झापा-५ मा एमाले अध्यक्ष ओलीसँगै प्रत्यासी रहेका बालेनको नाममा चुनावी गीतहरू बनेका छन् ।



राजनीतिक दलले गर्नुपर्ने एजेण्डाको ब्राण्डिङ हो तर अनुहार ब्राण्डिङतिर लाग्यो । यो भनेको पपुलिजम हो । पपुलिजमतिर जानु राम्रो होइन ।

**केशव दाहाल**
राजनीतिक विश्लेषक



समाजमा नागरिकले रूचाउने पात्र चाहिन्छ । नागरिकले रूचाएको मान्छेलाई प्रयोग गर्दा मत प्रभावित हुन्छ ।

**राम गुरुङ**
राजनीतिक विश्लेषक

ओली आफ्नो क्षेत्रमा अड्डा जमाएर बस्दा बालेनले पूर्वपश्चिमका अधिकांश चुनावी क्षेत्र घुम्न भ्याएका छन् । पछिल्लोपटक बालेन आफ्ना सभापति रवि लामिछानेसँगै सभाहरूमा निस्कन थालेका छन् । बालेनको माग बढेसँगै रास्वपा पनि उत्साही देखिन्छ । रास्वपाले बालेनलाई प्रधानमन्त्रीका रूपमा अघि सार्दै बनाएको नारा हो- अबकी बार, बालेन सरकार । रास्वपाले अघि सारेका २२ पृष्ठको एजेण्डाको विषयमा खासै चर्चा हुन सकेको छैन ।

शीर्ष दलहरूले नै यसरी अनुहार ब्राण्डिङ गर्दा एजेण्डा भने ओझेलमा परेको बताउँछन् राजनीतिक विश्लेषक केशव दाहाल । 'राजनीतिक दलले गर्नुपर्ने एजेण्डाको ब्राण्डिङ हो । तर अनुहार ब्राण्डिङतिर लाग्यो,' दाहालले भने । यो पूर्णरूपमा लोकप्रियतावादतिर गएको र देशका लागि हितकर नभएको दाहाल बताउँछन् । 'पपुलिजमतिर जानु राम्रो होइन,' उनले भने ।

मतदाताहरू अहिले गगन वा बालेन को प्रधानमन्त्री बन्लान् भन्ने विषयमा चियागफमा 'डिबेट' गर्न थालेका छन् । कोही नयाँ पार्टीलाई मौका दिनुपर्ने भन्दै बालेनको पक्षमा उभिन्छन् भने कोही अनुभवी नेता गगनलाई प्रधानमन्त्री बनाउनुपर्ने पक्षमा उभिन्छन् ।

उज्यालो नेपाल पार्टीले कुलमान घिसिङलाई ब्राण्डिङ गर्दा श्रम संस्कृति पार्टीले हर्क साम्पाङलाई अघि सारेको छ । घिसिङ र साम्पाङ दुवै प्रधानमन्त्रीका दाबेदार हुन् । यो लहरमा नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल पछाडि परेका छन् । जनता समाजवादी पार्टीका नेताहरू पनि यो दौडमा देखिन्नन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# सरकारको अनुगमनबाट मेडिकल व्यवसायी असन्तुष्ट

### पेसागत असुरक्षा सिर्जना गरेको आरोप

**प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारको अनुगमनप्रति मेडिकल व्यवसायी आक्रोशित भएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले विगत केही हप्तादेखि गरिरहेको अनुगमनप्रति असन्तुष्टि जनाउँदै राज्यले नीति नियमभन्दा बाहिर गएर काम गरिरहेको आरोप व्यवसायीले लगाएका छन् ।

वैदेशिक रोजगारीमा देखिएको विकृतिलाई अन्त्य गर्न भन्दै हाल श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रमिकको स्वास्थ्य परीक्षण गर्ने संस्थाहरूको अनुगमनलाई तीव्रता दिएको छ । हालसम्म अनुगमन भएजति सबैजसो संस्थामा कुनै न कुनै समस्या देखिएको मन्त्रालयले जनाएको छ । मेडिकल व्यवसायीहरूले भने रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गुणस्तरीय बनाउन विशेषज्ञ समितिले १८ महिनाको अध्ययनपछि दिएका सुधारका सुझावलाई मन्त्रालयले बेवास्ता गर्दै निश्चित समूहको पृष्ठपोषण गर्नतर्फ लागेको आरोप लगाएका छन् । सरकारी परीक्षणमासमेत १० हजारसम्म लिने गरेकोमा निजी क्षेत्रले लिँदाचाहिँ आर्थिक भार भयो भनेर गलत प्रचार भइरहेको एक व्यवसायीले बताए । व्यवसायीलाई अर्बौं लगानी गर्न बाध्य पारेर उल्टै पेसागत असुरक्षा सिर्जना गरेको भन्दै उनले आक्रोश पोखे ।

> यो अनुगमन नियमित प्रक्रिया हो । हाम्रो ऐन, नियम, कानुनमा भएको व्यवस्थाअनुसार नै भइरहेको छ । मेडिकल या कुनै एउटा संस्थामामात्र सीमित हुँदैन । क्रमिकरूपमा अन्य क्षेत्रमा पनि गर्दै जान्छौं ।
>
> **पिताम्बर घिमिरे**
> प्रवक्ता, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

'सरकारले आफैं गरेको परीक्षणको शुल्क १० हजारसम्म लिएको छ । अनि निजी क्षेत्रका हकमामात्र श्रमिक आर्थिक भार भयो भन्ने प्रचारबाजी कत्तिको जायज छ ?,' उनले भने, 'हरेक मन्त्री आएपिच्छे नयाँ नियम बनाएर अर्बौं लगानी गर्न बाध्य बनाउने अनि पेसाको सुरक्षात कहाँ हो कहाँ उल्टै धरपकड गर्नेलाई के बुझ्ने ?'

'स्पेसल टास्क फोर्स' र मन्त्रालयका कर्मचारीसमेत गरी १६ जनाको टोलीले गत माघ २५ गतेबाट अनुगमन गरिरहेको छ । उक्त टोलीले पहिलो चरणमा ५० वटा संस्थाको अनुगनको रिपोर्ट श्रममन्त्री राजेन्द्रसिंह भण्डारीलाई बुझाइसकेको छ । रिपोर्टमा स्वास्थ्य संस्थाले आवश्यक परीक्षण नै नगरी फिट भएको रिपोर्ट दिने गरेको, पर्याप्त जनशक्तिविनै संस्था सञ्चालन गरेको, राज्यलाई कर छली गरेको, गैरकानुनीरूपमा विदेशमा पैसा पठाएको, सिण्डिकेट गरेकोजस्ता १२ वटा बुँदामा समस्या औंल्याइएको थियो ।

क्रमशः पृष्ठ २ मा

## श्रमिकलाई दिने सेवामा एकद्वार प्रणाली लागू गर्नुपर्ने सुझाव

**काठमाडौं (प्रस)–** सरोकार भएकाहरूले वैदेशिक रोजगारमा जाने श्रमिकलाई सबै सेवा सुविधा एकीकृत प्रणालीमार्फत वितरण गर्नुपर्ने सुझाव दिएका छन् । स्वास्थ्य परीक्षण, स्वास्थ्य बिमा, सामाजिक सुरक्षा कोषलगायत सेवाको एकद्वार प्रणाली लागू गर्दा श्रमिकको समय र खर्चको बचत हुने उनीहरूको धारणा छ ।

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालले सोमबार काठमाडौंमा आयोजना गरेको 'वैदेशिक रोजगारमा श्रमिकको सहजतासम्बन्धी निजी क्षेत्रको धारणा' विषयक छलफलमा निजी, सरकारी क्षेत्र र वैदेशिक रोजगार व्यवसायी एवं विभिन्न संघसंस्थाका प्रतिनिधिहरूबीच विचार विमर्श भएको थियो ।

छलफलमा राष्ट्रिय जीवन बिमा कम्पनीका सहायक व्यवस्थापक सुजितप्रसाद साहले वैदेशिक रोजगारमा जाने श्रमिकले अनिवार्य बिमा गर्नुपर्ने भनिए पनि श्रमिकले पर्याप्त जानकारी नपाउँदा पूर्णरूपमा लागू हुन नसकेको बताए । उनले वैदेशिक रोजगार व्यवसायीले बिमा गरिए पनि श्रमिकलाई त्यसको फाइदा र बेफाइदा नै थाहा नपाउने चुनौती रहेको बताए ।

राष्ट्रिय व्यवसाय सीप प्रशिक्षण प्रतिष्ठानका बोर्ड सदस्य विष्णुगोपाल गड्तौलाले २०६० सालदेखि वैदेशिक रोजगारमा जाने श्रमिकलाई अभिमुखीकरण तालिम दिने व्यवस्था सुरु भएको बताउँदै वर्तमान अवस्थामा आइपुग्दा समयसापेक्ष पाठ्यक्रम परिमार्जन गर्न जरुरी रहेको बताए ।

क्रमशः पृष्ठ २ मा

# राष्ट्रिय खेलाडी साम्बाले गरिन् सहयोगको याचना

- घुँडामा गम्भीर चोट लागेर घाइते साम्बाको उपचार गर्न ८० हजार अमेरिकी डलर लाग्ने
- 'थाकेको हो, हारेको छैन' भन्दै उनले समर्थकसँग मागिन् साथ
- एन्फा र सरकारले उपचारमा साथ नदिएको गुनासो
- साम्बाको अभिव्यक्तिप्रति एन्फाको आपत्ति




**प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी 'साम्बा' घुँडामा गम्भीर चोट लागेसँगै मैदानबाहिर छिन् । अस्ट्रेलियन ए लिग खेल्ने क्रममा साम्बाको घुँडामा गम्भीर चोट लागेको हो ।

अहिले उपचारमै रहेकी उनले आर्थिक अभावको समाना गर्नुपरेपछि सहयोगको याचना गरेकी छन् । उनले सोमबार सामाजिक सञ्जाल फेसबुकमार्फत आफ्नो उपचारका लागि आर्थिक सहयोग गर्न अपिल गरेकी हुन् । उपचारका लागि एन्फा र सरकारबाट आवश्यक सहयोग नपाएपछि सहयोगको अपिल गर्न बाध्य भएको उनले बताएकी छन् ।

यसअघि पनि घुँडाको एसिएलमा गम्भीर चोट लागेका कारण उपचार गरिएको थियो । चिकित्सकका अनुसार एसिएल घुँडाभित्र पर्ने एक मुख्य लिगामेन्ट हो, जसले तिघ्राको हड्डी र तल्लो खुट्टाको हड्डी लाई जोडेर घुँडालाई स्थिरता प्रदान गर्दछ ।

सोही स्थानमा यसपटक गम्भीर चोट लागेको यसपटक भने उपचारका लागि ८० हजार अमेरिकी डलर लाग्ने भएको र उक्त रकम आफूसँग नभएकोले सहयोगको अपिल गरेको उनले बताएकी छिन् । 'क्लबले बिमाबाट प्राप्त रकम मेरो लागि निकासा गरिदिने भएको छ ।

क्रमशः पृष्ठ २ मा

### कतारमा उपचारका लागि पत्राचार गरिसकेको एन्फाको दाबी

अखिल नेपाल फुटबल संघ (एन्फा)ले भने महिला राष्ट्रिय टोलीकी कप्तान सावित्रा भण्डारी (साम्बा)ले फेसबुकमार्फत सार्वजनिक गरेको अभिव्यक्तिप्रति आपत्ति जनाएको छ । एन्फा प्रवक्ता सुरेश शाहले सोमबार विज्ञप्तिमार्फत साम्बाको घुँडामा चोट लागेकोबारे एन्फा जानकार रहेको जनाएका छन् ।

साम्बा नेपाली फुटबलकी धरोहर भएकोसमेत एन्फाले उल्लेख गरेको छ ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## एजेण्डा छाडेर...

देशभर यस्तो माहोल बन्दा अघिल्लोपटक एमालेले ब्राण्डिङ गरेको 'ओली बा' भने यसपटक ओझेलमा परेको छ । उनका प्रिय पात्रहरूलेसमेत प्रचार सामग्रीमा ओलीको फोटो राखेका छैनन् । जेन-जी विद्रोहले फालेको सरकारको नेतृत्व गरेका ओली अहिले चौतर्फी प्रश्नले घेरिएका छन् । जसले गर्दा मत बिग्रने डरले एमालेका उम्मेदवारहरूले ओलीलाई ब्राण्डिङ नगरेको बताउँछन् दाहाल । 'एमालेसँग एजेण्डा पनि छैन । ओलीको अनुहार पनि बिक्दैन,' दाहालले भने ।

एमाले महासचिव शंकर पोखरेलदेखि सचिव महेश बस्नेतले पनि ओलीलाई आफ्नो प्रचार सामग्रीमा अटाएका छैनन् । यो पटक एमालेसँग खासै एजेण्डा पनि देखिँदैन । एमालेका नेताहरू भने देश जोगाउने मूल विषय अहिले आफ्नो एजेण्डा भएको बताउँछन् । त्यसैले अनुहारभन्दा एजेण्डामा एमालेको विश्वास हुने एमाले प्रचार विभागका प्रमुख मिनबहादुर शाही बताउँछन् । 'अहिलेको अवस्थामा मुख्य एजेण्डा भनेको देश जोगाउने विषय हो । राष्ट्रियता जोगाउने विषयलाई एमालेले एजेण्डा बनाएको छ,' शाहीले भने ।

समाज अहिले एजेण्डाभन्दा पनि पात्रको पछि दौडेको बताउँछन् अर्का राजनीतिक विश्लेषक राम गुरुङ । यही कारण अहिले नेताहरूको ब्राण्डिङ हुन थालेको गुरुङ बताउँछन् । 'समाजमा नागरिकले रुचाउने पात्र चाहिन्छ । नागरिकले रुचाएको मान्छेलाई प्रयोग गर्दा मतमा थप प्रभाव पर्छ,' गुरुङले भने ।

■■■

## छानबिन प्रतिवेदन...

यसबाहेक सडक सुरक्षा ऐन निर्माण गर्न, राजमार्गमा अटोमेटेड भेहिकल मनिटरिङ सिस्टम, भेहिकल इन्ट्री मेकानिजम राख्नुपर्नेजस्ता सुझाव प्रतिवेदनमा थियो । ती सुझावहरू अहिलेसम्म कार्यान्वयन भएका छैनन् ।

राजमार्गका निश्चित दूरीहरूमा रिफ्रेसमेन्ट सेन्टर स्थापना गर्नुपर्ने, भेहिकल फिटनेस सेन्टरको स्थापना गर्नुपर्ने, टाइम कार्ड लागू गर्नुपर्ने, राजमार्गमा हुने तीव्र गतिको जाँच गर्न सर्भिलेन्स र मनिटरिङ सिस्टम हुनुपर्नेजस्ता सुझाव पनि प्रतिवेदनमै थियो ।

सुझाव कार्यान्वयन गर्नुभन्दा पनि सरकारप्रतिको जनआक्रोश तत्कालका लागि मत्थर पार्नमात्रै समिति गठन गरेको देखिने यातायात पूर्वाधारविज्ञ आशिष गजुरेल बताउँछन् । 'रिजाल प्रतिवेदनमात्रै कार्यान्वयन गर्दा पनि धेरै हदसम्म सवारी दुर्घटना न्यूनीकरण हुन्छ,' उनले प्रभावसँग भने, 'तर, सरकार कार्यान्वयन गर्दै गर्दैन, दुर्घटनापछि मानिसहरूमा उत्पन्न हुने आक्रोशलाई डाइभर्ट गर्नमात्रै समिति गठन गरेको देखिन्छ ।'

नेपाल प्रहरीको तथ्यांकअनुसार दैनिक औसतमा सवारी दुर्घटनाबाट सात जनाको ज्यान जाने गरेको छ । घाइते हुनेको संख्या त धेरै छ । पछिल्ला १८ दिनमा तीन ठूला दुर्घटना हुँदा ४४ जनाको मृत्यु भयो । आइतबार राति १९ जनाको मृत्यु र २५ जना घाइते भएको दुर्घटना यसबीचको तेस्रो ठूलो दुर्घटना हो । गत २३ माघमा बैतडीमा ठूलो दुर्घटना भयो । जिल्लाको पुर्चौडी नगरपालिका-७ भौनीबाट जन्ती लिएर फर्किने क्रममा सोही वडाको बढ्गाउँ मोडमा सुदूरपश्चिम प्रदेश ०२-००१ ख १११९ नम्बरको बस दुर्घटना हुँदा १३ जनाको मृत्यु भयो ।

त्यसको चार दिनपछि २७ माघमा रामेछापमा ठूलो दुर्घटना भयो । काठमाडौंबाट ओखलढुंगा जाँदै गरेको बस रामेछापस्थित तामाकोशी नदीमा खस्दा १२ जनाको मृत्यु भएको थियो । त्यसबेला सडकबाट नदीमा खसेको बसको गोताखोरमार्फत उद्धार गरिएको थियो । यसरी १८ दिनमै तीन ठूला दुर्घटना हुँदा ४४ जनाले ज्यान गुमाए, ५० जनाभन्दा बढी घाइते भए ।

सार्वजनिक यातायात बढी असुरक्षित हुँदै जाँदा जनआक्रोश पनि बढ्दो छ । यद्यपि, सरकारी निकायको बेवास्ता कायमै छ । यसअघि सिमलताल दुर्घटनापछि तत्कालीन गृहमन्त्री रमेश लेखकले रिजाल समितिको प्रतिवेदनको कार्यान्वयन गर्ने बताएका थिए । तर, २३ र २४ भदौको जेन-जी विद्रोहको पहिलो दिन नै लेखकले सरकारबाट राजीनामा दिए ।

यतिबेला भने नागरिक सरकार छ । निर्वाचन गर्नुपर्ने 'म्याण्डेट' पाएको सुशीला कार्की सरकारले प्रतिवेदन कार्यान्वयन गर्न आवश्यक कानुनी पूर्वाधार तयार गर्ने अवस्था छैन । यता नागरिकले भने अकालमै सवारी दुर्घटनामा परी ज्यान गुमाउन बाध्य छन् ।

■■■

## सोमबारमात्रै...

शुक्लागण्डकी गाउँपालिका वडा नं २ कै वर्ष २० की अर्चना पौडेल र कास्कीको पोखरा- १४ चाउथेकी २१ वर्षीया अञ्जली क्षेत्रीको पनि बस दुर्घटनामा परी मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

कास्कीकै माछापुच्छ्रे गाउँपालिका-३ का वर्ष २१ का रोहित नेपाली, स्याङ्जाको पुतलीबजार नगरपालिका वडा नं ६ बस्ने वर्ष ४५ का धनश्याम सुवेदी, काठमाडौंको बुद्धनगर बस्ने वर्ष ३३ की अनिशा महर्जन, मोरङको उर्लाबारी-१ की वर्ष २७ की हिरा चौधरी र कास्कीको पोखरा महानगरपालिका-१९ का वर्ष २६ का सुजित नेपालीको पनि मृत्यु भएको प्रहरीले जनाएको छ ।

धादिङ प्रहरीका सूचना अधिकारी प्रकाश दाहालका अनुसार मृत्यु हुनेमा बेलायतका २४ वर्षीय स्टिवर्ट डोमिनिक इथान, ३४ वर्षीय चिनियाँ नागरिक जियाङ चोनुम र भारतको उत्तर प्रदेश प्रान्त, बसहरी बहराइच घर भएका वर्ष ३२ का मनिष शुक्ला छन् ।

यस्तै, सोमबार नै मदन भण्डारी सडक मार्गस्थित उदयपुरको उदयपुरगढी गाउँपालिका-७ अँधेरीमा बस दुर्घटना हुँदा १५ जना घाइते भए । जिल्लाकै कटारीबाट गाईघाटतर्फ जाँदै गरेको बा२ख, ६२५७ नम्बरको ओखलढुंगे डिलक्स बस उदयपुरगढीको अँधेरीको गोलाइमा अनियन्त्रित भई सडकबाट तल खसेको उदयपुरका डिएसपी निरञ्जन थापाले बताए । उनका अनुसार घाइतेहरूलाई उपचारका लागि विराटनगरस्थित न्युरो अस्पताल लगिएको छ भने केहीको जिल्ला अस्पताल उदयपुरमा उपचार भइरहेको छ ।

सोमबार नै दाङको लमही-घोराही सडकखण्डमा बस दुर्घटना हुँदा नौ जना घाइते भए । कपिलवस्तुको कृष्णनगरबाट दाङको तुलसीपुरतर्फ जाँदै गरेको लु२ख ३२७७ नम्बरको यात्रु बस सोमबार बिहान करिब १०:४० बजे चिसापानी भन्ने ठाउँमा दुर्घटना हुँदा छ पुरुष र तीन महिला घाइते भए । दुर्घटनाको कारण पत्ता लागेको छैन ।

धनुषामा भने ट्रिपरले ठक्कर दिँदा ट्राफिक प्रहरीको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार जनकपुर उपमहानगरपालिका-४ मुरलीचोकमा सोमबार भएको सवारी दुर्घटनामा मोटरसाइकल चालक ट्राफिक प्रहरी हवल्दार चन्द्रकला महतोको मृत्यु भएको हो । विपरीत दिशाबाट आउँदै गरेको ट्रिपरले ठक्कर दिँदा उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

■■■

## सरकारको...

स्वास्थ्य व्यवसायीहरूले भने मन्त्रालयले एकपक्षीय निर्णय गरेको दाबी गर्दै आएका छन् । रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने व्यवसायमा दुई हजारभन्दा बढी दक्ष स्वास्थ्य प्राविधिक कार्यरत रहेको बताइन्छ । सरकारको कदम व्यवसायलाई विस्थापित गराउने खालकोभएकोभएकोअर्काव्यवसायीले बताए । युएईमा हुने प्रहरी रिपोर्ट प्रमाणीकरण, कतार भिसा सेन्टरले लिइरहेको शुल्कजस्ता विषयमा भने सरकारले केही गर्न नसकेको ती व्यवसायीको आरोप छ ।

'हाल युएईले एउटा छाप हानेको १४ हजार २०० रूपैयाँ लिइरहेको छ । कतार भिसा सेन्टरले स्वास्थ्य परीक्षणमा २० हजारसम्म लिने गरेको छ । खोइ त्यो हेरेको ?,' उनले भने, 'अनि हामी स्वदेशमै केही गरौं भन्नेहरूलाई पनि खाडी नै जाऊ त भन्न खोजेको होला नि !'

मन्त्रालयले भने व्यवसायीलाई तर्साउन या विस्थापित गर्नका लागि अनुगमन नभएको जनाएको छ । वैदेशिक रोजगारीमा विभिन्न समस्या भएकाले क्रमिक रूपमा सुधार गर्दै लैजानका लागि अनुगमन थालिएको प्रवक्ता पिताम्बर घिमिरेले बताए । यो नियमित प्रक्रिया भएकाले एउटा संस्थामामात्र सीमित नहुने उनले बताए ।

'यो अनुगमन नियमित प्रक्रिया हो । हाम्रो ऐन, नियम, कानुनमा भएको व्यवस्थाअनुसार नै भइरहेको छ । मेडिकल या कुनै एउटा संस्थामामात्र सीमित हुँदैन । क्रमिकरूपमा अन्य क्षेत्रमा पनि गर्दै जान्छौं,' प्रवक्ता घिमिरेले भने, 'स्वास्थ्य संस्थाको अनुगमन गर्ने टोलीले प्रतिवेदन बुझाएपछि वैदेशिक रोजगारसँग सम्बन्धित सबै संस्थाको अनुगमन हुन्छ ।'

स्वास्थ्य संस्थालाई प्रविधिमैत्री बनाउने, सबै देशको मेडिकल सबैले गर्न पाउने सुनिश्चतता, आधुनिक उपकरणबाट परीक्षणलगायतको व्यवस्था गरेपछि निरन्तर अनुगमन गर्नाले यस क्षेत्रका समस्या हट्दै जाने व्यवसायीको दाबी छ ।

■■■

## श्रमिकलाई...

सरकारलाई पटक-पटक पाठ्यक्रम परिमार्जन गर्न दबाब दिइएको भन्दै उनले प्रशिक्षणमा शिक्षकहरूको अभाव भए पनि पहिलाभन्दा तालिम प्रभावकारी बनाउने प्रयत्न गरिएको जानकारी दिए ।

नेपाल मेडिकल व्यवसायी संघका प्रतिनिधि निपोन शेरचनले खाडी मुलुकमा जाने श्रमिकलाई गर्मीको समस्याले गर्दा केही महत्त्वपूर्ण जाँच अनिवार्य गर्नुपरेको बताए । यसकारण ३८ प्रकारका स्वास्थ्य परीक्षण मापदण्ड अनिवार्य भएको उनले खुलाए । आप्रवासी महिला कामदार समूहकी प्रतिनिधि विजया श्रेष्ठले सरकारले अनिवार्य गरेको बिमा, सामाजिक सुरक्षा कोषलगायत सेवा वितरण एउटै प्रणालीबाट लागू हुनसके श्रमिकले कठिन प्रक्रिया झेल्नु नपर्ने बताइन् । श्रमिकले सजिलै सेवा पाउन डिजिटल प्रणाली अब्बल बनाउनु आवश्यक रहेको उनको सुझाव थियो ।

वैदेशिक रोजगार बोर्ड सचिवालयका पूर्वकार्यकारी निर्देशक राजनप्रसाद श्रेष्ठले वैदेशिक रोजगारलाई श्रमिकमैत्री बनाउन एकीकृत सेवा प्रणाली लागू गर्नुपर्नेमा जोड दिँदै स्थानीय सरकारको श्रम रोजगार नीति बनाउने प्रक्रियामा सुरु भएको जानकारी दिए । सञ्जालकी उपाध्यक्ष चाँदनी राणाले सुरक्षित, मर्यादित र सम्मानित वैदेशिक रोजगार व्यवसाय बनाउन सरकार, निजी क्षेत्र र नागरिक समाजको ऐक्यबद्धता जरूरी रहेको बताइन् ।

■■■

## राष्ट्रिय खेलाडी...

तर उक्त रकम मेरो शल्यक्रिया र सात-आठ महिना रिहाबका लागि अपुग हुने भएकाले आम समर्थकमाझ सहयोग माग्न आइपुगेको छु । यसका लागि कूल ८० हजार अमेरिकी डलर खर्च हुने प्रारम्भिक आँकलन रहेको छ,' साम्बाले भनेकी छन् ।

उनले आफूलाई 'गिभ अ लिटल डट एनजेड'बाट सहयोग गर्न सकिने जनाएकी छन् । न्युजिल्याण्डको वेलिङटन फोनिक्स एफसीबाट व्यावसायिक खेल खेलिरहेकी उनलाई क्लबले न्युजिल्याण्डमै उपचार गर्न तयार रहेको बताइरहेको छ । तर साम्बाले भने चोट गम्भीर रहेकोले कतारको अस्पेटारमा उपचार गराउन चाहेकी छन् ।

चिकित्सकले उनलाई जटिल शल्यक्रिया गर्नुपर्ने सुझाव दिएको बताएकी छन् । अघिल्लोपटक एन्फाको पहलमा उपचार व्यवस्थापन सहज भएको स्मरण गर्दै उनले यसपटक भने अपेक्षित सहयोग नपाएको गुनासो गरेकी छन् । 'पछिल्लोपटक एन्फा नेतृत्वको पहलमा मेरो उपचारमा सम्पूर्ण व्यवस्थापन र सहयोग भएको थियो,' साम्बाले भनेकी छन्, 'तर यसपटक एन्फा नेतृत्वबाट वाचा गरेको सहयोग पनि पाइएन । चोट लागेको तीन सातापछिको लागि क्लबको पहलमा शल्यक्रिया मिति तोकिएको भए पनि एन्फाले आफ्नो तर्फबाट प्रयास गर्ने बतायो । तर सो अनुसार एन्फाबाट प्रक्रिया अघि बढेन ।'

भण्डारीका अनुसार क्लबमार्फत शल्यक्रियाको मिति तय भए पनि पछि प्रक्रिया रोकिएको र एन्फाबाट प्रशासनिक सहयोग सम्भव नभएको जानकारी दिइएको छ । एन्फाले पाँच लाख रूपैयाँसम्म सहयोग गर्ने भनिए पनि समग्र उपचार व्यवस्थापन आफैंले गर्नुपर्ने अवस्था आएको उनले उल्लेख गरेकी छन् । यसले शल्यक्रियाको प्रक्रिया झण्डै दुई महिना पछाडि धकेलिएको उनको भनाइ छ ।

आफ्नो करिअरमा पटक-पटक कठिनाइ पार गर्दै अघि बढेकी साम्बाले यसपटकको लडाइँ सबैभन्दा कठिन भएको बताएकी छन् । देशका लागि सधैं सतप्रतिशत योगदान दिएको उल्लेख गर्दै उनले पुनः नेपालको जर्सी लगाएर मैदान फर्कने दृढ अठोट व्यक्त गरेकी छन् । 'थाकेको हो, हारेको छैन' भन्दै उनले समर्थकलाई साथ दिन आग्रह गरेकी छन् ।

■■■

## कतारमा...

तर, कुनै खेलाडी घाइते भए आबद्ध क्लब नै उपचारका लागि जिम्मेवार हुने जनाएको छ । प्रवक्ता शाहले विज्ञप्तिमा भनेका छन् छ, 'व्यावसायिक क्लब फुटबलमा कुनै पनि खेलाडी घाइते भए निजको उपचारको जिम्मा क्लबकै रहने अन्तर्राष्ट्रिय प्रचलन रहेको छ । साम्बाको हकमा उहाँको क्लबले न्युजिल्यान्डको अस्पतालमा उपचारको पहल गरेको तर उहाँले कतारमा गइ उपचार गराउने इच्छा राखेकोले एन्फाले यसको लागि सबै प्रयास र पहलहरू गरि नै राखेको जानकारी गराउँदछौं ।'

साम्बाको उपचारका लागि परराष्ट्र मन्त्रालयमार्फत उपचारसम्बन्धी आवश्यक समन्वयका कतार फुटबल एसोसिएसन (क्युएफए) लाई लागि पत्राचारसमेत गरिएको एन्फाले जनाएको छ ।


# Sunawarshi Municipality
# Office of The Municiple Executive

Dainiya, Morang
Koshi Province, Nepal

## Invitation For Sealed Quotation (Second Publication)

**Published Date: 2082/11/12 (Feb. 24th, 2026)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites electronics bids from eligible bidder for the procurement of the following works under Sealed quotation procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (With Vat & PS) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/ KRISI/ 082/83-02 | sichaiko lagi 75% anudanma boring samagri kharid tatha jadan sahayog karyakram | 13,11,839.91/- | 35,000.00/- | 1,000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunawarshimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through website www.bolpatra.gov.np/egp and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138** & For Bid Security **SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178),** Rajaswa **(revenue) Shirshak No :14229**
4. A complete Set of Bidding Documents May be purchased (electronically) from the Office Of sunawarshi Municipality Dainiya Morang by Eligible Bidders by downloading the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee as mention in the 5th column of above table on or Before 2082/11/26 during office hours.) of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality by electronically on before 12:00 noon on 2082/11/27. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on Falgun, 27, 2082 13:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 45 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief Administrative Officer**



दावी विरोध सम्बन्धी
वैदेशिक रोजगार विभाग, काठमाडौंको

**सूचना**

प्रकाशित मितिः २०८२/११/१३

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **Young Manpower Pvt. Ltd.** (ई.प.नं. 1047/073/74) ले यस विभाग समक्ष लुम्बिनी प्रदेश रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ०९ मा संचालित शाखा कार्यालयको शाखा प्रमुखलाई तपसिल बमोजिम परिवर्तन गरि पाउँ भनि निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/११/११ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| साविक सेयर शाखा प्रमुख | हाल कायम हुने शाखा प्रमुख |
|---|---|
| प्यूठान जिल्ला नौबहिनी गा.पा.-०६ बस्ने श्री पुष्पा के.सी. (ना.प्र.नं. ५३१००९-१२०६ प्यूठान) | कपिलवस्तु जिल्ला कपिलवस्तु न.पा.-०५ बस्ने श्री सरफराज खाँ (ना.प्र.नं. ३८३०७०-४३ कपिलवस्तु) |



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७९/०८/२३ मा दर्ता भएको प्रा.लि.नं. ३०३३२९ को **सुनिता गाई फार्म प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/११/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कर्मचारी हटाईएको सम्बन्धी सूचना**

यस **Sadhana International Pvt. Ltd.** (ई.प.नं. ७१५/०६४/०६५) मा **Labor Representative** पदमा कार्यरत **योगेश तामाङ** (ना.प्र.प्र.नं.१३३०४५/५३१) लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Sadhana International Pvt. Ltd.
Old Baneshwor (near Himalayan Java), Kathmandu Nepal,
Tel: +977 1 4390006, +9779802372147
श्रम ईजाजत नं. ७१५/०६४/०६५



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रोपटक प्रकाशित मिति : २०८२/११/१२ गते**

कम्पनी ऐन, २०६३ बमोजिम प्रा.लि.नं ३३३७९०/०८०/०८१ को साविक **एभरेष्ट एटोर्निज ल एण्ड रिसर्च सेञ्टर प्रा. ली** कम्पनीको नाम परिवर्तन भई अव **उप्रान्त एभरेष्ट एटोर्निज एण्ड एडभाईजरी प्रा.ली.**कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयवाट समेत स्वीकृती प्राप्त भई सकेकोले सोहिवमोजिम हुने व्यहोरा सम्वन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**एभरेष्ट एटोर्निज एण्ड एडभाईजरी प्रा.ली.**
**बुढानिलकण्ठ न.पा, वडा नं-१२, काठमाडौं नेपाल**



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

***प्रथम पटक प्रकाशित मिति : २०८२/११/१२***

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/११/१० मा स्वीकृती प्राप्त भई साविक कम्पनी **मन्त्र एड मिडिया प्रा.लि. (प्रा.लि.नं. २८५७४०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **फास्ट ट्रयाक ट्रेडिङ प्रा.लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/१२**

**इन्साईन कन्ट्याक्ट कन्सल्टेन्सी प्रा. लि.** को मिति २०८२/०९/२३ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **तिनजुरे कन्ट्याक्ट कन्सल्टेन्सी प्रा. लि. (दर्ता नं. ३३६८३२)** कायम गर्ने गरी मिति २०८२/१०/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७७/११/०९ मा दर्ता भएको प्रा.लि.नं. २५६५७८ को **देउराली ग्रुप अफ इण्डिष्ट्रिज प्रा.लि.** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हक दावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/१२**

**जम्पा हेल्दी फुड्स प्रा. लि.** को मिति २०८२/११/०२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जम्पा मल्टिपर्पोज प्रा. लि. (दर्ता नं. २४८६६८)** कायम गर्ने गरी मिति २०८२/१०/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Sherpa International Manpower Consultancy** Pvt.ltd. इजाजत नम्बर ४३०/०६०/०६१ मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| क्र.स | नाम | पद | ठेगाना | ना.प्र.नं. |
|---|---|---|---|---|
| १. | सन्ध्या माझी | डकुमेन्टेसन अफिसर | कमलामाई-१०, सिन्धुली | २०-०१-७६-०१२५८ |
| २. | हरि शंकर शाह | डकुमेन्टेसन अफिसर | नाकैलावा-२, सर्लाही | ६५७००१२ |
| ३. | श्रीधर घिमिरे | व्यवस्थापक | तुल्सीपुर-१७, दाङ | १०३१८२६७६ |

Sherpa International Manpower Consultancy Pvt. Ltd. Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821



**ह्वाइटगोल्ड मल्टी इनर्जी लिमिटेड**
**ललितपुर महानगरपालिका- १०, ललितपुर**

**प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२।११।१२)**

यस कम्पनीको मिति २०८२ फाल्गुण १० गते आइतबार दिनको २:०० बजे बसेको संचालक समितिको निर्णय अनुसार कम्पनीको प्रथम वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित विषयहरू उपर छलफल तथा निर्णय गर्न वस्ने भएको हुँदा सम्पूर्ण सेयरधनी महानुभावहरूलाई उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**प्रथम वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** :- २०८२ चैत ३ गते मंगलवार (तदनुसार १७ मार्च, २०२६)

**समय** :- बिहान ९ बजे

**स्थान** :- होटल हार्दिक, वागवजार , काठमाडौं ।

**प्रथम वार्षिक साधारणका छलफलका प्रस्तावहरू :**

(१) **सामान्य प्रस्तावहरू :-**

क) कम्पनीको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८१/८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

ख) कम्पनीको आ.व. २०८१/८२ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

ग) कम्पनीको आ.व. २०८२/८३ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(२) **विशेष प्रस्तावहरू**

क) कम्पनीको सेयरको प्रारम्भीक सार्वजनिक निष्काशन (IPO) गर्ने सम्बन्धमा ।

(२) **विविध**

# निर्वाचन प्रचारप्रसार नलाग्न प्राध्यापक, शिक्षक तथा कर्मचारीलाई निर्देशन

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले प्राध्यापक, शिक्षक तथा कर्मचारीलाई आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा राजनीतिक दल तथा उम्मेदवारको पक्षमा प्रचारप्रसारमा संलग्न नहुन आह्वान गरेको छ।

केही प्राध्यापक, शिक्षक तथा कर्मचारी दल र उम्मेदवारका पक्षमा प्रचारप्रसारमा लागेको भनी आयोगमा उजुरी तथा गुनासो प्राप्त भएकाले यस्तो आह्वान गरिएको आयोगद्वारा सोमबार जारी विज्ञप्तिमा उल्लेख छ। निर्वाचनको स्वतन्त्रता, स्वच्छता, निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्न आयोगले निर्वाचन आचारसंहिता, २०८२ लागू गरेको छ। आचारसंहिताको पूर्ण पालना गर्नु सरोकारवाला पक्षहरूको दायित्व रहेको र सबै राजनीतिक दल, उम्मेदवार तथा सम्बन्धित पक्षहरूले निर्वाचन आचारसंहिताको पूर्ण पालना भए नभएको विषयमा आयोगले अनुगमन गरिरहेको प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए।

शिक्षा ऐन, २०२८ को दफा १६ ङ को उपदफा (५) को खण्ड (छ) मा 'शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा' शिक्षक वा कर्मचारीलाई पदबाट हटाइने व्यवस्था छ। निर्वाचन आचारसंहिता, २०८२ को दफा १० को खण्ड (क) मा विद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सोमासम्बद्ध कर्मचारी, प्राध्यापक तथा शिक्षकले 'कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने' र सोही दफाको खण्ड (ग) बमोजिम 'कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सवारीसाधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन, कार्यक्रम वा सभा वा सम्मेलन गर्न वा प्रचारप्रसार गर्न नहुने' स्पष्ट व्यवस्था रहेको उनले बताए।

शैक्षिक संस्थामा सम्बद्ध प्राध्यापक, शिक्षक तथा कर्मचारीले आफ्नो पदको मर्यादा, तटस्थता तथा कानुनी दायित्वलाई मनन गर्दै आचारसंहिताविपरीत हुने कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसार नगर्न नगराउन आयोगले सचेत गराएको छ।

आचारसंहिताको व्यवस्था प्रतिकूल हुनेगरी निर्वाचन प्रचारप्रसार गतिविधिमा सामेल भएको पाइएमा सोही आचारसंहिताको दफा ४८ बमोजिम कारबाही हुने पनि विज्ञप्तिमार्फत जानकारी गराइएको छ। साथै निर्वाचन आचारसंहिताको पूर्ण परिपालनाको विषयमा जिल्ला आचारसंहिता अनुगमन समिति, निर्वाचन अधिकृत, निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तथा निर्वाचन कार्यालयबाट आवश्यक अनुगमन गर्नका लागिसमेत आयोगले अनुरोध छ।

## 'प्रचारप्रसारमा बालबालिकाको प्रयोग नगर्नू'

आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा सहभागी राजनीतिक दल वा उम्मेदवारलाई निर्वाचनको प्रचारप्रसारमा बालबालिकाको प्रयोग नगर्न आह्वान गरेको छ। आयोगले सोमबार विज्ञप्ति जारी गरी दल वा उम्मेदवारले आफ्नो झण्डा वा निर्वाचन चिह्न बोक्ने कार्य, सांस्कृतिक कार्यक्रम, ¯याली, अमुक दल वा उम्मेदवारविरुद्धका गतिविधिमा, झण्डा वा निर्वाचन चिह्न अंकित भेस्ट/टिसर्ट/लोगोजस्ता चिजहरू प्रदर्शन गर्ने कार्यमा बालबालिकाको प्रयोग नगर्न आग्रह गरिएको हो।


༄༅། །ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གཱ་ཨུཾ་པཱ་ལི་ཀཱ།

## खुम्बु पासाङल्हामु गाउँपालिका
## Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

### Invitation For Bids

**Date of publication: 2082-11-12 (24th Feb, 2026)**

1. Khumbu Pasanglhamu Rural Municipality, Solukhumbu invites electronic bids from Nepalese eligible bidders for the following project under National Competitive Bidding procedures.

| IFB No. | Description of Works | Estimated Amount (Including VAT & PS) | Bid Security NRs | Bid Docs Fee | Bid Validity Period | Bid Bond Security Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 43/NCB/WORKS/ ROAD/KPLRM-2082/083 | Construction of Drain at Chorkem, Bharkhe Bhel at KPLRM -05 | 3,325,306.13 | 85,000.00 | 3000.00 | 90 Days | 120 Days | |
| 44/NCB/WORKS/ BRDG/KPLRM-2082/083 | Construction of Bridge at Paare Sango at KPLRM - 05 | 1,993,544.47 | 50,000.00 | 3000.00 | 90 Days | 120 Days | |
| 45/NCB/WORKS/ BLDG/KPLRM-2082/083 | Construction of Toilet and Stage at Namche School at KPLRM - 05 | 1,956,847.75 | 50,000.00 | 3000.00 | 90 Days | 120 Days | |

2. Eligible bidders may obtain further information and inspect the e-bid Forms at the website of PPMO www.bolpatra.gov.np. and should submit online bids electronically through PPMO e-GP portal www.bolpatra.gov.np.
3. For detail information contact in Khumbu Pasanglhamu Rural Municipality, Tel. No. 038590066, email: ito.khumbupasanglhamumun@gmail.com

**Chief Administrative Officer**



## सुदूरपश्चिम प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
## सेती प्रादेशिक अस्पताल
धनगढी, कैलाली, नेपाल

### बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/११/१२)**

यस अस्पतालको आ.व. २०८२.८३ को आमा सुरक्षा कार्यक्रमका लागि आवश्यक औषधी तथा सर्जिकल समाग्री खरिद ठेक्का (ठेक्का नं SPH/NCB/Goods/01/82.83) मा निर्धारित मितिभित्र विद्युतिय खरिद प्रणालीमा दर्ता भएका बोलपत्रहरुको Item wise मूल्यांकन पछि न्युनतम मूल्यांकित सारभुत रूपमा प्रभावग्राही रहेका तपसिल बमोजिमका बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (१) बमोजिम स्वीकृतिका लागि छनौट भएकोले सोही ऐनको दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ। छनौट भएको Item संख्या र स्वीकृत रकमको विवरण यस अस्पतालको वेबसाईट www.sph.gov.np मा हेर्न सकिनेछ।

| S N | Name and address of the substantially responsive bidder | S N | Name and address of the substantially responsive bidder |
|---|---|---|---|
| 1 | Yashodha Pharmacy, Dhangadhi kailali | 2 | Bhagawati scientific & Trading order suppliers, Dhangadhi kailali |
| 3 | Samjhana surgical and suppliers, Dhangadhi kailali | 4 | D B Medicine Center, Dhangadhi kailali |
| 5 | Unique Pharma, Nepalgunj Banke | 6 | Surgimed distributers Pvt Ltd, dharan sunsari |
| 7 | P N P Group, dhangadhi kalilali | 8 | Aayush surgichem, Dhangadhi kailali |
| 9 | Medelink suppliers Dhangadhi kailali | | |



## साउदीमा रोजगार
कम्पनी : ALFALAK HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/११/१० | LT. No. 339319 | चलानी नं. ६०२५२८२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 25 | 0 | 1000 | ३८,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १९ गते (3rd Mar. 2026) मा हुनेछ। Scaffolder सिकेर जानेहरुले पनि सम्पर्क गर्नुहोला।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

MIP — MANISPOWER OVERSEAS EMPLOYMENT AND PROMOTER PRIVATE LIMITED
Chappal Karkhana, Kathmandu, Nepal, Tel: 01-4547203/04, Mobile: 9767982815 / 9841980236
E-mail : contact@mipjobs.com, Web: www.mipjobs.com
Govt. License No. 1694/081/082



## कर्जा तिर्न आउने बारेको २१ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८२/११/१२ गते**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले व्यवसायिक प्रयोजनका लागि लग्नु भएको कर्जाको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक-पटक मौखिक तथा लिखित रूपमा तर ताकेता गर्दा समेत कुनै चासो नदेखाई व्यवस्था गर्नु भएकोले कर्जा चुक्ता गर्न आउनु भनी यो २१ दिने सूचना प्रकाशित गरिएकोछ। यो सूचना प्रकाशित भएको २१ दिन भित्रमा यस सहकारी संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्नु होला अन्यथा २२ औं दिनमा तपसिलमा उल्लेखित जग्गा लिलाम बिक्रीमा गरिनेछ।

| धनी/ऋणी | जिल्ला | गा.वि.स | वडा नं. | कि.नं | क्षेत्रफल ब.मी |
|---|---|---|---|---|---|
| चमेली लामा  | ललितपुर | डुकुछाप | ७ घ | १६१ | ०-५-०-० |

**ऋण रकम** : कि.न. १६१ मा मिति २०८२/११/१२ गतेका दिन सम्ममा सावाँ व्याज गरेर रु.२५,१९,८५७७६/- रहेको छ।

| ऋणीको विवरण: | जमानीकताको विवरण: |
|---|---|
| ससुरा : राज कुमार लामा<br>बबु : चन्द्र बहादुर लामा<br>ऋणी : चमेली लामा<br>ठेगाना : डुकुछाप-७, ललितपुर | बाजे : पूर्ण बहादुर लामा<br>बाबु : राज कुमार लामा<br>धन जमानी : सानु बाबु लामा<br>ठेगाना : डुकुछाप-७, ललितपुर |

| धनी/ऋणी | जिल्ला | गा.वि.स | वडा नं. | कि.नं | क्षेत्रफल ब.मी |
|---|---|---|---|---|---|
| लक्ष्मी खनाल अधिकारी  | काठमाडौं | फुटुङ | ८ | २६६१ | ०-३-०-० |

**ऋण रकम**: कि.न. २६६१ मा मिति २०८२/११/१२ गतेका दिनसम्म यस सहकारी सस्थाको लेना रकम रु.३५,८९,०००/- रहेकोछ।

| ऋणीको विवरण: | जमानीकताको विवरण: |
|---|---|
| ससुरा : लेख बहादुर अधिकारी<br>बाबु : धन बहादुर खनाल<br>पति : राजेश्वर अधिकारी<br>ऋणी : लक्ष्मी खनाल अधिकारी<br>ठेगाना : धादिङ बद्रढाथद्रम ९<br>हाल : नागार्जुन-३ काठमाडौं | बाजे : डम्बर बहादुर अधिकारी<br>बाबु : राम बहादुर अधिकारी<br>धन जमानी : राजन अधिकारी<br>ठेगाना : मनमैजु काठमाण्डौ |

**विवरण :**
१ बोलपत्र फारम कार्यालय समयमा यस संस्थाको कार्यालय का.म.न.पा-०५, हाडीगाउँ, काठमाडौं, बाट प्राप्त गर्न सकिनेछ।
२ लिलाम गोप्य शिलबन्दी बोलपत्रका आधारमा डाक बढाबढका आधारमा हुनेछ।
३ अचल सम्पत्ति निरीक्षण गर्न चाहनेले बोलपत्र दाखिला गर्नु अधि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
४ बोलपत्र दाखिला गर्ने मिति २०८२/१२/०२ गते १ बजेसम्म।
५ बोलपत्र पेश गर्दा बोलकबोल अंकको १०% ले हुने रकम धरौटी स्वरूप यस सस्थाको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा जम्मा गरी सक्कल भौचर, बोलपत्र फारम र नागरिकताको फोटोकपी सहित शिलबन्दी राखी पेश गर्नुपर्नेछ।
६ बोलपत्र दाखिला गर्दा बोलपत्रको भित्र तथा बाहिरपट्टी जुन धितोको लागि बोलपत्र दाखिला गरेको हो, सो को विवरण उल्लेख गनु पर्नेछ।
७ बोलपत्र खोलिने दिन बोलपत्र दाता बा निजको आधिकारिक प्रतिनिधि उपस्थिती नभएपनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
८ रित नपुगेको वा म्याद भित्र दाखिल नभएको बोलपत्रहरू स्वत रद्द हुनेछ।
९ बोलपत्र दाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ सात दिनभित्र आफूले कबोल गरेको सम्पूर्ण रकम बुझाई सुरक्षणमा रहेको सम्पत्ति आफनो जिम्मा लिनुपर्नेछ। सो म्याद भित्र नबुझाएमा धरौटी बापत जम्मा गरको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
१० बोलपत्र सहकारी सस्थाको कार्यालय का.म.न.पा. ५, हाडीगाउँमा मिति २०८२/१२/०३ गते दिनको २ बजे खोलिनेछ।
११ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित हुनेछ।
१२ सम्पत्ति दाखिल खारेज नामसारी गर्दा लाग्ने राजश्व सम्पूर्ण दै दस्तुर तथा शुल्क आदि सम्पूर्ण खर्च सकारकर्ता स्वयंले व्यहोनु पर्नेछ।

**पुनश्च**: सो लिलामी प्रक्रियामा सहभागी हुन तथा अन्य जानकारीका लागि सहकारी सस्थामा सम्पर्क राख्नुहोला।

### सगरमाथा बहुउदेश्यीय सहकारी संस्था लिमिटेड
का.म.न.पा-०५, हाडीगाउँ, काठमाडौं, फोन नं.०१-५१०४५८८



## सामाजिक विकास कार्यालय
धनगढी, कैलाली

### Sealed Quotation आह्वान सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८२।११।१२**

यस कार्यालयको आ.व. २०८२।०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका निर्माण कार्यहरू गर्नुपर्ने भएको हुँदा इच्छुक र इजाजत प्राप्त प्राप्त फर्म/कम्पनीले रितपूर्वक पेश गर्नहुन यो सूचना पेश गरिएको छ। विस्तृत जानकारीको लागि website:bolpatra.gov.np/egp हेर्न सकिनेछ।

| s.n | Contract Identification Number | Description of Work |
|---|---|---|
| 1 | 39/SDOKAILALI/ 2082/083 | Magar sanga ko adhuro bhawan, ghodawari-02, Kailali |
| 2 | 40/SDOKAILALI/ 2082/083 | Mahila football aawasiya changing bhawan niram, ghodawari-08, Kailali |
| 3 | 41/SDOKAILALI/ 2082/83 | Adhuro Badminton hall nirman , ghodawari-01, Kailali |
| 4 | 42/SDOKAILALI/ 2082/083 | AG mahima mandali ko adhuro bhawan nirman, kailari -02, Kailali |
| 5 | 43/SDOKAILALI/ 2082/083 | Panchakoshi samudayak ban pokhari nirman, gauriganga -11, kailali |
| 6 | 44/SDOKAILALI/ 2082/083 | Darak ma vi ghebar nirman , ghodaghodi-05, Kailali |
| 7 | 45/SDOKAILALI/ 2082/083 | Nirankari ko adhuro bhawan nirman, Janaki-09, Kailali |
| 8 | 46/SDOKAILALI/ 2082/083 | Naya Nepal aa vi ko 4 kothe adhuro bhawan nirman tikapur-01, Kailali |
| 9 | 47/SDOKAILALI/ 2082/083 | Redcross dhududhara upsakhako rahat samagri bhandar kaa lagi bhawan nirman, bardagoriya-01, Kailali |
| 10 | 48/SDOKAILALI/ 2082/083 | Mahunyal namuna ma vi xatrabass smart sauchalaya nirman, Bajani-01, Kailali |
| 11 | 49/SDOKAILALI/ 2082/083 | Rastriya aa vi field nirman mohanyal-01, chause kada kailali |
| 12 | 50/SDOKAILALI/ 2082/083 | Sahid ismirti ma vi lamki -01 sawchaalaya truss bhawan tathaa gate marmat, Kailali |
| 13 | 51/SDOKAILALI/ 2082/083 | kalika ma vi bhautik sanrachana nirman mohanyal-06, Kailali |
| 14 | 52/SDOKAILALI/ 2082/083 | Saileshori anustan kendra kadetar pole gate nirman, dhangadhi-09, Kailali |
| 15 | 53/SDOKAILALI/ 2082/083 | Manehara samudayak yog kendra adhuro hall nirman, dhangadhi-07, Kailali |
| 16 | 54/SDOKAILALI/ 2082/083 | Rastriya ma vi ko adhuro bhawan nirman lamki-03, Kailali |
| 17 | 21/SDOKAILALI/ 2082/083Rebid | CFCC ko adhuro Bhawan Nirman, Gauriganga -08, Kailali |
| 18 | 32/SDOKAILALI/ 2082/083Rebid | Dasnami Samaj ko Bhawan Nirman Dhangadhi-17, Kailali |
| 19 | 33/SDOKAILALI/ 2082/083Rebid | Mahila Samudayek Bhawan Nirman Godawari-04 Basantapur, Kailali |
| 20 | 37/SDOKAILALI/ 2082/083Rebid | Surmi Gau ko sahid Prstisthan ko Bhawan Nirman Kailali-06, Kailari |
| 21 | 38/SDOKAILALI/ 2082/083Rebid | C gau sagar yuwa club ko khelmaidan batmention coart nirman Dhangadhi, Kailali |

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# हिमाली जिल्लाका मतदातालाई मतदानमा सहभागी गराऊ

